श्री गणेशमान चारनाथ नगरपालिकाका

नगर प्रमुख श्री जितनारायण यादवद्धारा नगरसभालाई गर्नु भएको सम्बोधन

आ.व.२०८२/८३ को नीति, कार्यक्रम तथा बजेट

# गणेशमान चारनाथ

# नगर कार्यपालिकाको कार्यालय

विरेन्द्रबजार, धनुषा

मधेश प्रदेश,नेपाल



CS CamScanner

# गणेशमान चारनाथ नगरपालिकाको

# १५ औं नीति तथा कार्यक्रम

**सभा सदस्य महोदय,**

१. सर्वप्रथम समाज परिवर्तनका संवाहक नेपाली जनक्रान्ति अर्थात संघीय लोकतान्त्रिक गणतन्त्रलाई आजको अभूतपूर्व उचाइमा पुऱ्याउन २००७ सालको क्रान्ति, २०४६ सालको जनआन्दोलन, १० वर्षे जनयुद्ध, २०६२/०६३ को जनआन्दोलनका साथै थरुहट र मधेस आन्दोलन लगायत जनस्तरबाट भए गरेका सबै जनसंघर्षमा आफ्नो अमूल्य जीवन उत्सर्ग गर्नु हुने सम्पूर्ण ज्ञात, अज्ञात सहिदहरुप्रति हार्दिक श्रद्धान्जली अर्पण गर्दछु । साथै विभिन्न आन्दोलनका क्रममा घाइते योद्धा, बेपत्ता नागरिक एवं अग्रज, मार्गदर्शक, सामाजिक, आर्थिक, राजनैतिक, सांस्कृतिक र वैचारिक अभियन्ताहरुप्रति यस सभामा उच्च सम्मान प्रकट गर्न चाहन्छु ।

२. गणेशमान चारनाथ नगरपालिका स्थापित भएको १० वर्षको अवधिमा हाम्रो यो पन्ध्रौं नीति तथा कार्यक्रमको माध्यमबाट संविधानप्रदत्त अधिकार बमोजिमका कार्य जिम्मेवारीहरु व्यवस्थित र नतिजा उन्मुख रुपमा सम्पादित गरी स्थानीयस्तरमा नगरपालिका प्रति सबैबाट रोजिने, खोजिने र भरोसा गर्ने अवस्था सिर्जना गराइनेछ । अब यो पन्ध्रौ नीति तथा कार्यक्रमले नगरपालिका प्रति नगरवासीहरुको अझ धेरै विश्वास र भरोसा जगाउने छ भन्ने कुरामा म विश्वस्त छु । यसका लागि म हामी सबैका तर्फबाट खुशी प्रकट गर्दछु ।

३. जस्तोसुकै संकटका बीचमा पनि मानव जीवनको रक्षा गर्दै आर्थिक र सामाजिक जीवनलाई सहज बनाउने क्रममा स्थानीय सरकार जुटेको छ । स्थानीय सरकारको हैसियतले तयार गरेका योजना एवं गुरुयोजनाको दीर्घकालीन सोच, लक्ष्य र उद्देश्य प्राप्तिमा नगरपालिका केन्द्रित छ ।

४. नगरपालिकाको अधिकार क्षेत्र भित्रका आवश्यक पर्ने मूलभूत कानुन, कार्यविधि, नीतिहरु आवश्यकता अनुसार तयार भएका छन् तर नगरपालिकाको कर्मचारी तेरिज अनुसारको जनशक्तिको पदपूर्ति अझै भईसकेको छैन । कानूनी आधार, जनशक्तिको पर्याप्तता र योजनाबद्ध कार्यक्रम सञ्चालन गर्ने परिपाटीबाट जनअपेक्षाअनुरुप सेवा प्रवाह र विकास निर्माणका कार्यलाई तिव्रता दिंदै नतिजामा नै देखिने गरी रोजगारीको सृजना, भौतिक पक्ष र पूर्वाधारको विकास भई नगरको समग्र आर्थिक र सामाजिक विकासमा अपेक्षित उपलब्धि हासिल हुने विश्वास लिएको छु ।

५. प्रत्येक वडामा क्रमशः नागरिक आरोग्य केन्द्र स्थापना गरी स्वस्थ जीवन कार्यक्रम संचालन गरिनेछ ।

६. प्रत्येक वडामा महिला स्वयंसेविकालाइ योग तथा औषधी जन्य जडिबुटी तालिम दिइं योग र जडिबुटीको शिक्षा प्रत्येक घर घरमा पुर्याइनेछ ।

७. जनप्रतिनिधिहरुको दृढ इच्छा शक्ति तथा कर्मचारीहरुको लगनशीलता र जिम्मेवारीपनका कारण लगभग सबै योजनाहरुको काम अन्तिम चरणमा पुगेको अवस्था छ । प्रदेश सरकारको समन्वयमा विशेष कृषि कार्यक्रम लाइ अघि बढाइने छ । वर्तमानको आर्थिक मन्दीको निराकरण हुने गरी समाजिक क्षेत्रको विकास र हालको सुख्खा खडेरीको समस्या समाधान गरी आर्थिक पुनरुत्थान नगरको प्राथमिकताका क्षेत्रहरु रहनेछन ।

८. आर्थिक वर्ष २०८२/८३ को वार्षिक नीति तथा कार्यक्रम तर्जुमा गर्दा गुरुयोजनाले परीलक्षित गरेको दीर्घकालीन सोच, लक्ष्य, उद्देश्य तथा प्राथमिकता क्षेत्रहरुका अतिरिक्त राज्यले अन्तर्राष्ट्रिय मञ्चमा

CamScanner

व्यक्त गरेको दीगो विकासका लक्ष्य, देशले अंगिकार गरेको लक्ष्य उन्मुख कार्यक्रमका साथै ***समृद्ध नेपाल र सुखी नेपाली*** कार्यक्रम समेतलाई आधारका रुपमा स्वीकार गरिएको छ । नेपाल सरकार र मधेश प्रदेश सरकारले अवलम्वन गरेको नीति ***सुखि नेपाली सम्वृद्ध नेपाल*** भन्ने मूल नारालाई आत्मसात गर्दै विभिन्न भेलाहरु मार्फत नगरवासीवाट संकलित सुझाव, वडा स्तरीय भेलाहरुवाट संकलित सुझाव तथा कार्यक्रमका रुपमा प्राप्त सुझावलाइं समेत आधार मानि यो नीति तथा कार्यक्रम वनाईएको छ ।

९. नेपालको संविधान २०७२ ले निर्देशित गरेको स्थानीय तहको काम, कर्तव्य तथा अधिकारसम्वन्धी व्यवस्था, नेपालको संविधानको अनुसूची ८ र ९ ले स्थानीय तहको लागि तोकेको राजश्व परिचालन सम्वन्धि खाका, खर्च जिम्मेवारीका क्षेत्र, अन्तरसरकारी हस्तान्तरणको विषय तथा स्थानीय तहको ऋण संरचनाको स्वरुप, नेपालको संविधान भाग ४ अर्न्तगतका राज्यका आर्थिक, सामाजिक विकास, प्राकृतिक स्रोतको उपयोग, वातावरण संरक्षण सम्वन्धी नीतिहरु, धारा ५९ का आर्थिक अधिकार, भाग १९ को आर्थिक कार्यप्रणाली, क्रमागत योजना, वडास्तरीय भेलावाट माग भएका प्राथमिकिकरणका योजनाहरु, नगरपालिकाको विकास सम्वन्धी अवधारणा पत्र तथा नगरवासीका राय सुझाव तथा मागहरुका आधारमा तयार पारिएको आगामी आ.व. २०८२/२०८३ को नीति, कार्यक्रम तथा वजेट कार्यान्वयनको लागि प्रस्ताव गरिएको छ ।

**सभा सदस्य महोदय,**

अव म आर्थिक वर्ष २०८२/२०८३ को नीति तथा कार्यक्रम यस गरिमामय सभा समक्ष प्रस्तुत गर्दछु ।

**आर्थिक विकास**

१. दिगो स्रोत व्यवस्थापनका लागि नयाँ स्रोतहरुको पहिचान र प्रवर्द्धन गर्न श्रोतको सम्भाव्यता अध्ययन गर्ने कायलाइ निरन्तरता दिदै कर वृद्धि भन्दा करको दायरा विस्तार गर्ने नीति लिइने छ । गैर करका क्षेत्रहरुलाई करको दायरामा ल्याउन आवश्यक नीतिगत प्रवन्ध मिलाइने छ । स्थानीय स्रोत साधनको विकास र परिचालन गरी आन्तरिक राजश्वमा वृद्धि गर्न करदाता शिक्षा कार्यक्रम सञ्चालन गरिने छ ।

२. राजश्व असुलीलाई अझ प्रभावकारी वनाउन स्थानीय स्तरका उद्योग वाणिज्य संघ लगायतका सम्वद्ध निकायहरुसँग आवश्यक समन्वय र सहकार्य गरिने छ ।

३ आर्थिक गतिविधि र क्रियाकलाप वढाई आय आर्जन र रोजगारीका अवसरमा वृद्धि गर्न लघु उद्यम विकास कार्यक्रम लाई निरन्तरता दिनका साथै अन्य कार्यक्रमहरुको थालनी गरिने छ ।

४. घरेलु उद्योग र लघु उद्यमलाई प्रोत्साहित गर्ने नीति लिइनेछ ।

५. यस नगरपालिकामा ठूलो कलकारखाना स्थापना र सँचालनका लागि आकर्षित गर्ने लगानी मैत्री वातावरण हुने अवस्था सिर्जना गरिनेछ ।

६. नगर प्रोफाईलको विवरणको आधारमा रुची र क्षमता अनुसारका अभिमुखीकरण तालिम प्रदान गरी सिकर्मी, डकर्मी, विद्युत प्राविधिक, प्लम्वर, सिलाई कटाई आदि क्षेत्रका जनशक्ति तयार गर्न तालिम प्रदान गर्ने व्यवस्था मिलाइने छ

७. कृषिजन्य उत्पादकत्वमा वृद्धि गर्न नहर तथा सिचाईको प्रवन्ध नभएका खेती योग्य जमिनका लागि भूमिगत सिचाइका लागि प्राथमिकताका आधार आयोजनाहरु सञ्चालन गरिने छ ।

८. कृषि उपजहरुको उपयुक्त मुल्य तोकि कृषकलाई वढी भन्दा वढी लाभ हासिल गर्न आवश्यक संरचना तयार गरिने छ । यसका लागि आवश्यक नीतिगत व्यवस्था मिलाईनेछ । कृषि औजार, मलखाद, विऊविजन एवम प्रविधि सुलभ मूल्यमा उपलब्ध गराउन नगरपालिकावाट सुलभ पसल सञ्चालन गर्ने व्यवस्था मिलाइने छ ।

९. नगर क्षेत्र भित्रका फलफुल तथा तरकारी बजारहरुलाई व्यवस्थित गर्दै लैजान हाट वजार व्यवस्थापनलाई प्रभाकारी वनाउन आवश्यक प्रवन्ध गरिने छ ।

१०. पशुपालनलाई व्यवसायिक रुपमा विकास गर्न गोठ सुधार कार्यक्रम जस्ता कृषक प्रोत्साहन कार्यक्रम सञ्चालन गरिने छ । अत्यावश्यक रोगको उपचारका लागि औषधी खरिद गरि वितरण गरिनरेछ ।

११. बीउका लागि उन्नत जातका गोरु, बोका तथा वंगुरको वीर खरिद गरी कृषक समुहमा हस्तान्तरण गरिने छ । कृषि तथा पशुजन्य व्यवसाय सञ्चालनमा अनुदानको व्यवस्था गरिने छ ।

१२. सहकारी संस्थालाई प्रभावकारी वनाउन नियमित अनुगमन, निरिक्षण तथा मूल्याङ्कन समेत गर्ने गरी नियमनको व्यवस्था मिलाइनेछ । सहकारी संस्थालाई व्यवस्थित वनाउन विभिनन किसिमका सहकारी सम्वन्धी तालिम गोष्ठी सम्वन्धित निकायको सहकार्यमा संचालन गरिनेछ ।

१३. नगर क्षेत्रको आर्थिक विकासका लागि **कमला पर्यटन स्थल**लाई यस प्रदेशको उत्कृष्ट पर्यटन क्षेत्रको रुपमा क्रमश: विकास गरिदै लगिनेछ । पर्यटन प्रवर्धन गर्न संम्भावित स्थलहरुको पहिचान गरी ती क्षेत्रहरुको विकासका निम्ति आवश्यक वजेट विनियोजन गरिनेछ ।

१४. कमला खोला छेऊमा वनभोज स्थल निर्माण गर्न पहल गरिनेछ ।

## सामाजिक विकास

### खेलकुद

१. बालबालिकाको अन्तरनिहित प्रतिभा तथा कौशलहरुलाई प्रस्फुटन गरी चौतर्फी विकासका लागि अन्तर विद्यालय खेलकुद, हाजिरी जवाफ, वक्तृत्वकला, नृत्य, वादविवाद जस्ता प्रतियोगिताहरु संचालन गरिनेछ|

२. नगरका सक्रिय युवाहरूको सञ्जाल गठन/पुन गठन गरि सामाजिक विकासका लागि सहकार्य/परिचालन गर्ने

३. महिला सशक्तीकरण तथा लैङ्गिक समानता कायम गर्न मेयर कप महिला क्रिकेट प्रतियोगिता आयोजना गरिनेछ|

४. नगर भित्रका प्रत्येक विद्यालयमा अनिवार्य रुपमा वार्षिक खेलकुद कार्यक्रम संचालन गरिनेछ।

५. राष्ट्रपति रनिङ्ग शिल्ड प्रतियोगितामा जिल्ला तथा प्रदेश स्तरीय जितमा ऐतिहासिक सफलता प्राप्त भएकोमा उक्त प्रतियोगितामा सहभागीका लागि निरन्तर सहयोग गरिनेछ|

### शिक्षा

६. पालिका भित्र रहेका सार्वजनिक विद्यालयहरुमा दिवा खाजा व्यवस्थित र किफायति बनाउन विधुतीय चुल्होको प्रयोगमा जोड दिइनेछ र सम्बन्धित निकायमा विधुतीय चुल्हो प्रदान गर्न पहल गरिनेछ ।

७. बालबालिका, किशोरकिशोरीहरुको मानसिक स्वास्थ्य प्रवर्धनका लागि सामुदायिक मनोसामाजिक कार्यकर्ता परिचालन तथा मानसिक स्वास्थ्य सचेतनाका क्रियाकलाप संचालन गर्नेछ|

८. शिक्षाको पहुँचबाट बाहिर परेका बालबालिकाको पहिचान गरी "विद्यालय फर्कौं अभियान" सञ्चालन गरिनेछ। विद्यालय भर्ना, ट्रयाकिङ र पुनःएकीकरणको कार्यलाई सहज बनाउन अभिभावक, शिक्षक, स्वयंसेवक तथा समुदायको सहभागिता सुनिश्चित गरिनेछ।

९. शिक्षा ऐन, नियमावली तथा प्रचलित कानुन बमोजिम निजि विद्यालयले जेहेन्दार, विपन्न, अपाङ्ग, महिला, दलित, जनजाति, विपदबाट ग्रसित आदिलाई अनिवार्य रुपमा कम्तिमा १० प्रतिशत छात्रवृति दिनुपर्ने प्रावधानलाई पूर्ण रुपमा कार्यन्वयनको प्रक्रिया अगाडी बढाइनेछ |

१०. नगर क्षेत्रभित्रका सबै नागरिकलाई आधारभूत साक्षरतामा समेट्ने लक्ष्यसहित समावेशी, समान र न्यायोचित साक्षरता अभियान सञ्चालन गरी **"पढौं लेखौं, अघि बढौं - साक्षर नगर हामी बनाऔं"** नाराका साथ पूर्ण साक्षर नगर घोषणा गरिनेछ।

११. नैतिक शिक्षा, संस्कार, संस्कृतिको संरक्षण, पेशागत सल्लाह, जीवन मूल्य र व्यवहारिक ज्ञानका विषयमा विद्यार्थीहरूलाई सहजीकरणका लागि समुदायका शिक्षित र अनुभवी जेष्ठ नागरिकहरूलाई विद्यालय शिक्षामा **"अनुभव शिक्षक"** को रूपमा परिचालन गरिनेछ।

१२ नेपालको संविधानको मूल मर्मलाई प्रत्याभूति गराउनका लागि स्थानीय भाषा तथा संस्कृतिको संरक्षण र विकासमा जोड दिन स्थानीय पाठ्यक्रम निर्माण गराई कार्यन्वयन गराइनेछ |

**१३. नगरपालिका अन्तरगत संचालित सार्वजनिक विद्यालयहरुमा प्रधानाध्यापकको व्यवस्थापन तथा परिचालन गरी कार्यसम्पादन सम्झौताको उपलब्धिको आधारमा उच्च मनोवल कायम राख्न दण्ड तथा पुरस्कारको व्यवस्था गरिनेछ।**

१४. नगरक्षेत्र भित्रका विद्यालयहरुवाट गुणस्तरीय शिक्षा प्रदान गर्न पारित **नगर शिक्षा योजना** प्रभावकारी रुपमा लागु गरिनेछ।

१५. नगर क्षेत्रलाई पूर्णतया वाल श्रम मुक्त नगर अभियान सञ्चालन गर्ने र वाल श्रमबाट व्यवसाय सञ्चालन गरेमा कारवाही गर्ने व्यवस्था मिलाइने छ।

१६. सरकारी विद्यालयहरुको गुणस्तरको सुनिश्चिता तथा विश्वासनीयता कायम गर्न सरकारी विद्यालयका शिक्षक, कर्मचारी तथा जनप्रतिनिधिहरुले आफ्ना वालवालिकाहरुलाई सरकारी विद्यालयमा अनिवार्य पढाउनुपर्ने व्यवस्था गरिनेछ।

१७. शिक्षक तथा स्वास्थ्यकर्मीहरुलाई नीतिगत व्यवस्था गरी आवश्यकता अनुसार पालिकाभित्र एक ठाउँबाट अर्को ठाउँमा सरुवा तथा पदस्थापन गर्ने नीति लिएंकोछ|

स्वास्थ्य

१८. गोदार स्थित नगर अस्पताल यसै वर्ष संचालनमा ल्याइनेछ।

१९. जेष्ठ नागरिकहरुको घर दैलोमा गइ स्वास्थ्य परिक्षण गर्ने तथा नगर भरिका जेष्ठ नागरिकहरुलाई प्रेसर र सुगरको औषधि निशुल्क प्रदान गरिनेछ

२०. नगरभरि घुम्ती शिबिरका साथै यसै नगरको वडा नं ५ मैनावतिमा हप्तामा १ दिन स्वास्थ्य उपचार सेवा संचालन गरिनेछ।

२१. नगरभरिका गर्भवती महिलाहरुलाई ए एन सि प्याकेज (रक्त परीक्षण) निशुल्क गरिनेछ,

२२. अल्ट्रा साउण्ड भिडियो एक्सरे सेवा महिनाको एक पटक प्रत्येक स्वास्थ्य संस्थामा गई गर्भवती महिलाहरुलाई गर्भ परीक्षण गर्नेछ,

२३. आँखा, कान, घाँटी, नाक, तथा जेनेरल स्वास्थ्य परीक्षणका लागि एकीकृत स्वास्थ्य सिबिर संचालन गरिनेछ

२४. गर्भवती महिलाहरुलाई वर्थिंग सेन्टरसम्म ल्याउने र पुर्याउने काम निशुल्क तथा जेष्ठ नागरिक तथा गर्भवतीहरुलाई नर्स तथा डाक्टरको सिफारिसमा रेफर हुँदा जनकपुरसम्म निशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ,

२५. प्रत्येक स्वास्थ्य संस्थामा हेलो सिस्टर सर्भिस संचालन गरिनेछ,

२६. बरमझिया स्वास्थ्य चौकीमा आगामी आर्थिक वर्ष वर्थिंग सेन्टर संचालन गरिनेछ।

२७. प्रत्येक स्वास्थ्य संस्थालाई स्वास्थ्य वातावरण मैत्री बनाउने कार्य संचालन गरिनेछ

२८. घरमा हुने सुत्केरीलाई शुन्यमा झारी शत प्रतिशत संस्थागत प्रसुती गराउनको लागि जोड दिनेछ,

२९. राष्ट्रिय खोप कार्यक्रम अन्तर्गत गणेशमान चारनाथ पूर्ण खोप घोषणा भइसकेको र दिगोपनको लागि विभिन्न कार्यक्रमहरु सँचालन गरिनेछ।

३०. नेपाल सरकारको स्वास्थ्य बिमा कार्यक्रमलाई यस नगरवासीहरुको पूर्ण सहभागिताका लागि प्रोत्साहन गरी स्वास्थ्य सेवामा सबैको पहुँच सुनिश्चित गरिनेछ।

संघसंस्था

३१. दिगो रोजगारी सिर्जना तथा प्रवर्धनलाई उच्च प्राथमिकतामा राखेर "मिसन रोजगारी: दिगो रोजगारी र उद्धमशिलता प्रवर्द्धन अभियान" संचालन गरिनेछ।

३२. श्रम बजारको माग, उपलब्ध श्रोत साधन तथा जनशक्ति, रोजगार प्रवृतिको अध्ययन गरी "नगर रोजगारी रणनीति" निर्माण गरिनेछ।

३३. नागरिकलाई उद्धमी बनाउन र अवसरसँग जोडनको लागि व्यवसायको संवर्धन र उद्धमहरुको दृतीकरण मार्फत नवप्रवर्तन, वित्त र प्रविधिमा पहुँच, बजार विस्तार, आम्दानि वृद्धि जस्ता विभिन्न कार्यक्रमहरू संचालन गरिनेछ।

३४. मानवसेवा आश्रमसँगको सहकार्यमा यस पालिका क्षेत्रभित्र रहेका वा भेटिने सडक आश्रित सहयोगापेक्षी (अनाथ, अपाङ्ग, अशक्त, असहाय, शारीरिक तथा मानसिक रुपमा अति कमजोर) मानवहरुको उद्धार र पुनर्स्थापना गराइने छ। सहयोगापेक्षी सडक आश्रित मानव मुक्त स्थानीय तह घोषणा गरिने छ।

३५. जलवायु मैत्री आर्थिक रुपान्तरण मार्फत महिला सशक्तीकरण (RECET) परियोजनालाई "स्थानीय अनुकुलन योजना (LAPA) को रुपमा पूर्णत कार्यन्वयनमा ल्याइनेछ।

३६. KNH, जानकी महिला जागरण तथा आसमान नेपालको सहयोगमा संचालित महिला सशक्तीकरण परियोजनालाई निरन्तरता दिइनेछ।

३७. SOS Childrens Villages Nepal संस्थाद्वारा समुदायमा आधारित परिवार सवलिकरण कार्यक्रम (Community Based Family Strengthening Programme) अन्तर्गत विद्यालय कार्यन्वयन योजनामा बालमैत्री तत्वहरु समावेश गरी विद्यार्थीको सर्वाङ्गिण विकास गरिनेछ।

३८. "एक परिवार, एक विधुतीय चुलो" अभियानलाई प्रोत्साहन गर्न र दाउरा र गोइठाको न्यूनीकरण गर्न विधुतीय चुलो प्रयोगकर्ताहरुको लागि प्रोत्साहन स्वरूप अनुदानमा आधारित विधुतीय चुलोमा प्रयोग हुने सामाग्रीहरु उपलब्ध गराइनेछ।

३९. विपद व्यवस्थापनका लागि विपदको पूर्व तयारि, विपदका समय तथा विपद पश्चातको समयमा गरिने कार्यका लागि तालिम तथा सामग्री उपलब्ध गराउनुका साथै सचेतना कार्यक्रम संचालन गरिनेछ।

## पुर्वाधार विकास

१. नगर भित्रका सार्वजनिक स्थल तथा बजार क्षेत्रमा सार्वजनिक शौचालय निर्माण गर्न सार्वजनिक जमिनको यकिन गरी मुख्य बजार क्षेत्रमा यसै आ.व.मा व्यवस्था मिलाइने छ।



CamScanner

२. नगरपालिकाभित्रका यातायातका पूर्वाधार, सुविधा सम्पन्न स्वास्थ्य चौकी भवन, विद्यालय भवन आदिको निर्माण र मर्मत संभारमा थप जोड दिइनेछ ।

३. नगर क्षेत्रभित्रका मठमन्दिर, देविस्थान, मस्जिद, गुम्बा, घाट तथा समाधि स्थलहरुको उचित संरक्षण तथा सम्वर्द्धन गर्न आवश्यक प्रवन्ध मिलाइने छ साथै यस्ता स्थानहरुमा शौचालय र स्वच्छ खानेपानीको समुचित प्रवन्ध गरिनेछ ।

४. नगरपालिका क्षेत्र भित्रका एतिहासिक एव धार्मिक महत्वका स्थानहरु छनौट गरी प्रयटकलाई आकर्सित गर्न पर्यटन स्थलको रुपमा विकास गरी आर्थिक रुपमा समृद्ध बनाउन जोड दिइनेछ

५. विभिन्न सडकहरुको सडक अधिकार क्षेत्रभित्र अतिक्रमण गर्ने प्रवृतिलाई निरुत्साहित तथा कारवाही गरिनेछ|

६. नगरपालिकाभित्र विभिन्न स्थानहरुको अध्ययन गरी चिल्ड्रेन पार्क निर्माण गरिनेछ |

७ कृषि उपज व्यवस्थापनका लागि शित भण्डार/कोल्ड स्टोरको निर्माण गरी कृषि क्षेत्रका उत्पादनलाई आधुनिकीरण गरिनेछ |

८. नगरपालिका भित्रका भूमिहीन, सुकुम्वासी तथा अव्यवस्थित बसोवास क्षेत्रहरुको नागरिकहरुको लागि लगत सङ्कलन गरिएको हकमा यथाशीघ्र लालपुर्जा वितरण गरिने तथा बाँकी रहेका क्षेत्रहरुको लगत सङ्कलन गरी लालपुर्जा वितरण गरिनेछ |

९. नगरपालिका क्षेत्र भित्र रहेका सार्वजनिक सम्पतिहरुको लगत सङ्कलन गरी आवश्यक व्यवस्था मिलाइनेछ |

१०. दलित एवं पछाडी परेको वर्गको हकमा अधिकारको प्रवर्धन एवं निर्णय प्रक्रियामा सहभागिता विकास, सिप विकास एवं चेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ |

११. खानेपानी अभाव लाई परिपूर्ति गर्न भइरहेको श्रोत परिचालन र खानेपानीको दिगो उपयोगको लागि विशेष अभियान सहित कार्यक्रम सँचालन गर्न आवश्यक वजेट विनियोजन गरिनेछ ।

१२. खानेपानीको सहज पहुँच नभएका वस्तीहरुमा स्वच्छ र गुणस्तरीय खानेपानी अपूर्ति हुने व्यवस्था मिलाइनेछ ।

१३. खानेपानीका मुहानको संरक्षण सम्वर्द्धन गरिनेछ साथै भएका खानेपानी योजनाहरुको मर्मत सम्भार गर्दै लगिनेछ ।

१४. विभिन्न संघ संस्थाहरुको सहकार्य र सहभागीतामा यस नगरपालिकामा पुर्ण सरसफाई अभियान सँचालन गरिनेछ ।

१५. विद्यालय, स्वास्थ्य चौकी सामुदायिक संस्था र सार्वजनिक स्थानहरुमा स्वच्छ पानीको उपयोग, खानेपानीको सहज पहुँच र दिगो सरसफाई कार्यक्रम सँचालन गरिनेछ ।

१६. विभिन्न गैरसरकारी सँस्था, निजी क्षेत्र, सामुदायिक सँस्था सँग साझेदारी र सहकार्य गरी यस नगरपालिकामा खानेपानी योजना, खानेपानी मर्मत सम्भार वातावरण संरक्षण, स्वच्छता र सरसफाई सम्वन्धी योजना कार्यक्रम सँचालन गर्दै लगिनेछ ।

१७. सामाजिक सुरक्षा वापत प्रदान गरीने रकम सरल र सुलभ तरिकावाट उपलब्ध गराउन सा.सु. भत्ता वितरण गर्ने वैंकहरुसँग सहकार्य गरी सकेसम्म केन्द्रवाट टाढा रहेका वडाहरु जस्तै वडा नं.९,१० र ११ बरमझियामा शिविर सँचालन गरी वितरण गरिरहेकोमा आगामी वर्षमा थप स्थानमा शिविर सँचालन गरी सा.सु.भत्ता वितरण गरिनेछ ।

**वातावरण तथा विपद् व्यवस्थापन**

१. नगरक्षेत्रभित्रका खोलानालाको दुवै किनारमा व्यापक रुपमा बाँस तथा अन्य बोट बिरुवाहरु लगाई प्राकृतिक तटबन्धको व्यवस्था गरि उर्वर जमिनको संरक्षण गर्नुका साथै सरकारी पर्ती एलानी जग्गाहरुमा बोटबिरुवाहरु लगाई हराभरा पालिका बनाई वातावरण तथा जलवायु परिवर्तनको अनुकुलन कार्यक्रम संचालन गरिनेछ ।

२. चारनाथ, कमला खोला र वालुवा खोलामा आउने बाढीबाट हुने क्षति न्यूनिकरण गर्न सरकारी कार्यालय, संघसंस्था सँग सहकार्य गरी पूर्वाधार निर्माण, नदी नियन्त्रण र वृक्षारोपण कार्यक्रम संचालन गर्दै लगिनेछ।

३. "एक घर एक रुख"को नारासहित *नगर-नागरीक साझेदारी* मा वजार क्षेत्रका प्रत्येक घरमा कम्तिमा दुइवटा विरुवा रोप्न अनिवार्य गरिने छ । यदि जमिनको अभाव भएमा एक घर १० गमला फुलसहितको लगाउने कार्यलाई प्रोत्साहित गरिने छ ।

४. नगरको वजार क्षेत्रहरुमा फोहोर राख्ने कन्टेनरहरुको थप व्यवस्था गर्ने तथा हरेक कलकारखाना, विद्यालय, क्याम्पस तथा अन्य संस्थाहरुवाट उत्सर्जन हुने फोहोर व्यवस्थापनमा त्यससँग सम्वन्धित संस्था तथा समितिलाई जिम्मा दिने गरी नीति तय गरिने छ ।

**सुशासन तथा संस्थागत विकास**

१. बदलिंदो परिवेश अनुसार नगरपालिकाको स्वीकृत दरवन्दीमा परिमार्जन गर्नुपर्ने भएकोले गत आ.व.मा संगठन र व्यवस्थापन सर्वेक्षण गरिएकोमा सोही अनुरुपको स्थायी पदपूर्तिको लागि प्रदेश लोकसेवा आयोगमा माग गर्ने कार्यलाई निरन्तरता दिने । कार्यालयमा कार्यरत कर्मचारीहरुलाई टिकाई राख्न तथा उत्प्रेरित राख्नको लागि विभिन्न तालिम, वृत्ती विकासको अवसरहरु तथा प्रोत्साहन भत्ता समेतको व्यवस्था गरिनेछ ।

२. करको दायरालाई विस्तार गर्दै Publilc Private Partnership-PPP को अवधारणा अनुसार सवै करदाताहरुलाई कर प्रणालीमा आवद्ध गर्नका लागि व्यवसाय कर, फोहोरमैला शुल्क, घरवहाल करलाई कडाईका साथ लागू गरी भूमि तथा सम्पत्ति करलाई व्यवस्थित गरी Software Based मा आधारित तुल्याईनेछ । वडा स्तरमै सफ्टवेयरमा आधारित भएर कर संकलन गर्ने कार्यलाई निरन्तरता दिइनेछ ।

३. राजश्व चुवाहट नियन्त्रण गरी अझ व्यवस्थित तुल्याउन हालको राजश्व संकलनको सफ्टवेयरलाई सुत्र( SuTRA) प्रणालीमा पूण आवद्ध गरिनेछ ।

४. E-Governance को अवधारणा बमोजिम नगरपालिकाको क्रियाकलापलाहरुलाई व्यवस्थित गरिने नीति लिइनेछ ।

५. सेवा प्रवाहलाई प्रभावकारी बनाइ सबै नगरवासीलाई सहज र सरल ढंगबाट सेवा दिन नगरपालिकाको कार्यालय, सबै वडा कार्यालयहरु तथा विषयगत कार्यालयहरुमा सेवा प्रभाव सम्बन्धि स्पष्ट जानकारी सहितको नागरिक वडा पत्र राख्ने तथा **First Come, First Service** का आधारमा सेवा प्रदान गरिनेछ ।

६. उत्प्रेरित कर्माचारीहरुबाट नै उत्पादकत्वमा गुणात्मक वृद्धि गर्न सकिने भएकोले कर्मचारीहरुलाई मासिक ४० प्रतिशतसम्म कार्यसम्पादन र मूल्यांकनको आधारमा प्रोत्साहन भत्ता प्रदान गरिनेछ ।

७. कर्मचारी कल्याण कोषमा वार्षिक ५ लाख रकम जम्मा गर्नेछ

८. **समान कामका लागि समान ज्याला** भन्ने नाराका साथ हरेक क्षेत्रमा लैङ्गिक समतामुलक समाजको निर्माण गर्ने र सवैखाले श्रम शोषण अन्त्य गर्न नगरको अनुगमन कार्यलाई थप प्रभावकारी बनाइने छ।

९. न्यायिक समितिमा आ.व. २०७८/७९ मा जम्मा मुद्दा संख्या ४७ रहेकोमा मिलापत्र २०, फर्छौट २१ र ६ वटा बाँकी रहेको, आ.व. २०७९/८० मा जम्मा मुद्दा संख्या ६५ रहेकोमा मिलापत्र २८, फर्छौट २५ र १२ वटा बाँकी रहेकोमा न्याय निरुपणको कार्यलाई थप प्राथमिकता दिइनेछ।

१०. आर्थिक पारदर्शिताका लागि नगरका हरेक आर्थिक कारोबारहरु वेव साइट मार्फत नियमित रुपमा सार्वजनिक गरिने छ।

११. न्यायिक समितिलाई जनशक्ति र श्रोत साधनको दृष्टिकोणबाट मजवुत बनाई न्याय निरुपणलाई यथार्थ र वस्तुनिष्ठ बनाइनेछ।

१२. कुनै पनि किसिमको ढिला सुस्ती, मोलाहिजा नगरी निश्पक्ष तरिकाले न्याय निरुपण गरिनेछ।

१३. स्थानीय तहले कानुन अनुसार प्राप्त गर्नुपर्ने कर, दस्तुर, सेवाशुल्क समयानुकुल वैज्ञानिक, व्यवहारीक, नागरिक मैत्री एवम पारदर्शी बनाई नगरको समग्र आन्तरिक आयमा वृद्धि गरिनेछ।

१४. पूर्वाधार निर्माण, खरिद कार्य तथा आय संकलनका क्षेत्रमा आव्हान गरिने बोलपत्र वा दरभाउपत्रलाई अधिकतम रुपमा प्रतिस्पर्धी बनाउन पूर्ण रुपमा E-Bidding पद्धती अवलम्वन गरिएकोमा सो कार्यलाई निरन्तरता दिइनेछ।

१५. योजना अनुगमन तथा सुपरिवेक्षण समितिले अनुगमन गरी भुक्तानीका लागि सिफारिश गर्दा भुक्तानीमा सोको प्रतिवेदन समेत संलग्न गर्नुपर्ने व्यवस्थालाई निरन्तरता दिई कडाईका साथ लागु गरिनेछ। साथै नगरपालिका स्तरीय सुपरिवेक्षण तथा अनुगमन समितिलाई क्रियाशिल तुल्याइ सोको निरिक्षण प्रतिवेदन पश्चात मात्र आयोजनाहरुको अन्तिम किस्ता रकम भुक्तानी हुने व्यवस्थालाई निरन्तरता दिइने छ।

१६. विकास निर्माण तथा कर्मचारीहरुको तलव भत्ता लगायत आदी आर्थिक कारोवारहरुलाई थप छिटो छरितो बनाउन चेक माफत हुने भुक्तानी लाइ विस्थापन गर्दै सिधै लाभग्रहीको खातामा रकम पठाउने प्रणाली (EFT System) पूर्ण रुपमा लागु गरिनेछ।

अब म गणेशमान चारनाथ नगरपालिकाको उल्लिखित नीति कार्यक्रम व्यवहारमा उतार्न कुल अनुमानित आय रु.५९,४९,७०,२७०.०० ( उन्नसठी करोड उन्नपचास लाख सत्तरी हजार दुई सय सत्तरी रुपैया मात्र ) र व्यय तर्फ चालु रु.३१,९९,९२,२७०.०० (५३.७८%) र पूँजीगत रु.२७,४९,७८,०००.०० (४६.२२%) गरी जम्मा रु.५९,४९,७०,२७०.०० (उन्नसठी करोड उन्नपचास लाख सत्तरी हजार दुई सय सत्तरी रुपैया मात्र ) को बजेट स्वीकृत हुन नगरसभामा प्रस्तुत गरियो।

अन्तमा गणेशमान चारनाथ नगरपालिकाको पन्ध्रौ अधिवेशन गर्न सहयोग गर्नुहुने नगर उप प्रमुख, सम्पूर्ण कार्यपालिका सदस्यहरु, नगरसभा सदस्यहरु, विभिन्न राजनितिक दलका प्रतिनिधीहरु, विषयगत समितिका पदाधिकारीहरु, यस नगरपालिकाका सम्पूर्ण कर्मचारीहरु, आम नगरवासीहरुमा हार्दिक आभार प्रकट गर्दै नगरपालिकाको सर्वाङ्गीण विकासको लागि शुभकामना व्यक्त गर्दछु।

प्रस्तुतकर्ता

मिति २०८२।०३।०६ गते शुक्रवार